जिल्ला प्रशासन कार्यालय, काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.३२/५८ (हातहतियार)

दर्ता मिति :– २०७०/०६/०७

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.२२४१, मिति :– २०७१/११/२५

| **वादी** | **प्रतिवादी** |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**.............१ | रामबहादुर तामाङको छोरा जि. काठमाण्डौं, सुन्दरीजल गा.वि.स.वडा नं.६ बस्ने वर्ष ४९ को रामबहादुर तामाङ भन्ने ज्ञानबहादुर तामाङ..१ |
| निजको प्रमाण:..× | मनबहादुर तामाङको छोरा जि. काठमाण्डौं, सुन्दरीजल गा.वि.स.,वडा नं.६ बस्ने वर्ष ४१ को दलबहादुर तामाङ............................ १ |
| | निजको प्रमाण...× |

**यस कार्यालयबाट बुझेको**

प्रमाण............

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज अन्तर्गत चिसापानी प्रवेशद्धार ईलाकामा पर्ने धापदह क्षेत्रमा निकुञ्ज सुरक्षा गस्तीले मिति २०७०।४।२१ गते विहान करिब ६:०० बजेको समयमा विष्फोटक पदार्थ भिरी बिष्फोट गराउन तयारी अवस्थामा बोकी हिंडेको भरुवा बन्दुकथान १, शिशाको घरेलु गोली थान २१, घरेलु बारुद अन्दाजी २ सय ग्राम, सलाई एक बट्टा, केप थान ६ तथा झोला थान २ सहित जिल्ला काठमाण्डौ सुन्दरीजल गा.वि.स. वडा नं. ६ बस्ने वर्ष ४९ को ज्ञानबहादुर तामाङ र ऐ. ऐ. बस्ने वर्ष ४१ को दलबहादुर तामाङलाई फेला परेको हुँदा निजहरुलाई साथमा फेला परेको सामानहरु सहित वरामद गरी आवश्यक कारवाहीको लागि यसै पत्र साथ दाखिला गरेका छौं कानुन बमोजिम कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको खानतलासी वरामदी मुचुल्का तथा प्रतिवेदन ।

२. निकुञ्ज क्षेत्रमा अवैध हातहतियार भरुवा बन्दुक साथमा लिई निकुञ्ज क्षेत्रभित्र वन्यजन्तुको चोरी शिकार गर्न प्रवेश गरेको कसुर सम्वन्धमा अनुसन्धान भई मुद्दा दायर गर्न जि.स.व.का. काठमाण्डौबाट निर्णय हुँदा अवैध हातहतियार खरखजाना सम्वन्धी मुद्दामा आवश्यक अनुसन्धान गर्न सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने भन्ने निर्णय बमोजिम यस निकुञ्ज कार्यालयको मिति २०७०।५।१६ को आदेशले यसको क्षेत्राधिकार भित्रको विषयमा थुनछेकको आदेश हुँदा जनही रु २८,२००।- नगदै वा सो बराबरको जेथा धरौटी राखेमा लिई साधारण तारेखमा राखी सो धरौटी नराखेमा थुनामा राखी मुद्दाको पुपर्क्ष गर्ने गरी आदेश भएको र निजहरुबाट धरौटी दाखिला हुन समेत बाँकी भएको हुँदा तहाँबाट अनुसन्धान भई सो उपर मुद्दा हेर्ने निकायबाट निर्णय र मिसिल कागजातको प्रतिलिपी र तपसिल बमोजिमका हातहतियार खरखजाना सहित थुनुवा मानिस जिम्मा बुझाईएको भन्ने समेत व्यहोराको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयको पत्र ।

३. मिति २०७०।४।२१ गते अं.४:३० बजेको समयमा भाई दलबहादुर तामाङ र म बँदेलको शिकार गर्न भनी आफ्नो घरबाट भरुवा बन्दुक र वरामद भई आएको सामानहरु समेत बोकी शिवपुरी निकुञ्जमा गएकोमा निकुञ्जमा खटिएका सैनिक टोलीले हामी दुवै जनालाई पक्राउ गरेका हुन्, पक्राउ पर्दाको अवस्थामा फेला परेको भरुवा बन्दुक बाजे बुबाको पालादेखी घरमा नै थियो, बन्दुकको लाईसेन्स छ छैन जानकारी भएन भन्ने समेत व्यहोराको प्रतिवादी ज्ञानबहादुर तामाङले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयानकागज ।

४. मिति २०७०।४।२० गते साँझको समयमा म संगै पक्राउमा परी आएका दाई ज्ञानबहादुर तामाङ मेरो घरमा आई भोली विहानै शिवपुरी राष्ट्रिय निकुञ्ज तर्फ शिकार गर्न जाने भनी सरसल्लाह गर्न आए र हामी दुवै जनाले सरसल्लाह गरी ऐ.२१ गते विहानै उठी दुवैजना आ-आफ्नो घरबाट निस्की जंगलतर्फ गएका हौ, जंगलतर्फ जाँदा दाई ज्ञानबहादुर तामाङले हतियार र गोलीहरु बोकेका थिए, विहान हामी दुवैजना निकुञ्जको धापदह क्षेत्रमा हतियार बोकी पुगेकोमा सुरक्षार्थ डियूटीमा खटिएका सैनिकहरुले हतियार तथा गोली सहित पक्राउ गरेका हुन भन्ने समेत व्यहोराको प्रतिवादी दलबहादुर तामाङले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयानकागज ।

५. मिति २०७०।४।२१ गते विहान अं.६:०० बजेको समयमा शिवपुरी राष्ट्रिय निकुञ्ज कार्यालय क्षेत्रभित्रको धापदह ईलाकामा रामबहादुर भन्ने ज्ञानबहादुर तामाङ र दलबहादुर तामाङलाई अवैध हातहतियार भरुवा बन्दुकसमेत बोकि हिडेको अवस्थामा शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्जमा सुरक्षार्थ खटिएको गस्ती टोलीले फेला परेको भन्ने सुनि थाह पाएको हुँ, उक्त हतियार वैध वा अवैध के कस्तो हो, के कुन उद्देश्यले बोकि हिडेका थिए सो समेत मलाई जानकारी भएन भन्ने समेत व्यहोराको निमा शेर्पाले लेखाई दिएको कागज ।

६. The Article No. 1 is a local made (Home Made ) muzzle-loading gun. Its action mechanism is in working order. Its barrel showed sign of discharge ( Fire) on chemical examination of fouling material found inside the barrel, however, the date and time of firing can not be ascertained with scientific accuracy भन्ने समेत व्यहोराको के.प्र.वि.वि.को परीक्षण प्रतिवेदन ।

७. मिसिल संलग्न खानतलासी वरामदी मुचुल्का, सेनानी टेकेन्द्र थापाको प्रतिवेदन, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयको पत्र, प्रतिवादीहरु ज्ञानबहादुर तामाङ र दलबहादुर तामाङले कसूरमा साविती रही गरेको वयान, वुझिएका मानिसको कागज, हतियार परीक्षण

प्रतिवेदन समेतका मिसिल संलग्न कागज प्रमाणहरुवाट यी प्रतिवादीहरुले मिति २०७०।४।२१ गते विहान अ.०६:०० वजे शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज भित्रको सिमा क्षेत्रमा पर्ने धापदह ईलाकामा अवैध रुपमा हतियार वोकी हिडेको अवस्थामा फेला परेकोले प्रतिवादीहरु ज्ञानबहादुर तामाङ र दलबहादुर तामाङले कानून बमोजिम लाइसेन्स नभएको हातहतियार खरखजाना (बन्दुक, गोली र वारुद) आफ्नो साथमा राखि सोही हतियार लिई शिकार गर्न गएको अवस्थामा पक्राउ परेको देखिन आएकाले प्रतिवादीहरुलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) अन्तर्गतको कसूरमा ऐ.ऐनको दफा २०(२) र (३) बमोजिम सजाँय गरी सोही ऐनको दफा १६ बमोजिम प्रतिवादीहरुका साथ बाट वरामद भएका हातहतियार खरखजाना जफत गरी पाउ भन्ने समेत व्यहोराको अभियोग माग दावी ।

८. *दाई नाता पर्ने ज्ञानबहादुर तामाङले शिकार खेल्न जाउ भनेकाले शिकार खेल्न गएको हो, भरुवा बन्दुक, गोली, वारुद सबै ज्ञानबहादुर तामाङ कै हो । पक्राउ गर्दाको अवस्थामा समेत दाई सँग नै थियौं । सामान दाई ज्ञानबहादुर तामाङबाट नै वरामद भएको हो । बन्दुकको लाइसेन्स छैन, लाइसेन्स विनाको बन्दुकबोक्नु हुदैन भन्ने थाह थियो । दाईको बन्दुकको लाइसेन्स छैन भन्ने थाह थिएन* भन्ने समेत व्यहोराको प्रतिवादी दलबहादुर तामाङले यस कार्यालयमा गरेको वयान ।

९. *वरामदी मुचुल्कामा उल्लेख भए बमोजिमका भरुवा बन्दुक-१, शिशाको गोली २१, घरेलु वारुद २ सय ग्राम, सलाई १, केप ६, झोला २ सहित नागार्जुन धापदह क्षेत्रबाट पक्राउ परेको हो । भरुवा बन्दुकमेरो हो, लाइसेन्स छैन । लाइसेन्स विनाको हतियार राख्नु हुन्न भन्ने कुरा थाह थियो, तर बाउबाजेको पालादेखि राखेको हुनाले राखेको हो, शिकार खेल्न मन लागेकोले भाई दलबहादुर तामाङलाई लिई नागार्जुन धापदह क्षेत्रमा शिकार खेल्न गएको हो* भन्ने समेत व्यहोराको प्रतिवादी ज्ञानबहादुर तामाङले यस कार्यालयमा गरेको वयान ।

१०.प्रतिवादीहरु मध्ये ज्ञानबहादुर तामाङले वयान गर्दा भरुवा बन्दुक-१, शिसाको गोली २१, घरेलु वारुद २ सय ग्राम, सलाई १, केप ६ र झोला २ सहित नागार्जुन धापदह क्षेत्रबाट पक्राउ गरेको हो । भरुवा बन्दुकमेरो हो, लाइसेन्स छैन । लाइसेन्स विनाको हतियार राख्नु हुन्न भन्ने कुरा थाह थियो, तर बाउबाजेको पालादेखि राखेको हुनाले राखेको हो, भाई दलबहादुर तामाङलाई लिई नागार्जुन धापदह क्षेत्रमा शिकार खेल्न गएको हो भन्ने व्यहोरा र अर्का प्रतिवादी दलबहादुर तामाङले दाजु ज्ञानबहादुर तामाङसँग शिकार खेल्न गएको र उल्लेखित खरखजाना दाजु ज्ञानबहादुर तामाङको साथबाट वरामद भएको भनी खुलाएकाले यी प्रतिवादीहरुले अभियोग-पत्रको मागदावी अनुसार हातहतियार खरखजना ऐन,२०१९ को दफा ३(२) र ४(२) को कसूर गरेका होइनन् भन्न सक्ने अवस्था तत्काल नदेखिएकाले पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मु.ऐ.अ.वं.११८ देहाय ५ नं.बमोजिम प्रतिवादी ज्ञानबहादुर तामाङबाट रु ८०,०००।- ( असी हजार ) र प्रतिवादी दलबहादुर तामाङबाट रु ५०,०००।- ( पचास हजार ) नगद वा सो वरावरको जेथा धरौट माँग गर्नु, सो दिए तारेखमा राखी नदिए कानून बमोजिम थुनामा राखी कारवाही गर्नू भन्ने समेतको यस कार्यालयको मिति २०७०।६।८ को आदेश बमोजिम प्रतिवादीहरुले नगदै धरौट दाखिला गरी तारीखमा बसी तोकिएको तारीख गुजारी बसेका रहेछन् ।

११. साक्षी वकपत्रका लागि यस कार्यालयबाट तोकिएको तारीखमा वादी प्रतिवादी दुबै पक्षबाट साक्षी उपस्थित नगराइएको देखियो ।

## ठहर

१२. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।४।२१ गते काठमाण्डौं जिल्ला, शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्ज, चिसापानी प्रवेशद्वार,

धापदहमा प्रतिवादीहरु रामबहादुर तामाङ भन्ने ज्ञानबहादुर तामाङ र दलबहादुर तामाङको साथबाट भरुवा वनदूक थान-१, घरेलु गोली (सिसाको)-२१ थान, र २०० ग्राम बारुद विष्फोटक पदार्थ समेतवरामद भएकाले प्रतिवादीहरु रामबहादुर तामाङ भन्ने ज्ञानबहादुर तामाङ र दलबहादुर तामाङलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसूर अपराधमा ऐ. दफा २०(२) र (३) बमोजिम सजाँय गरी वरामद हतियार खरखजाना ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

१३. यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन् होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१४. मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ बिचार गर्दा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज अन्तर्गत चिसापानी प्रवेशद्धार ईलाकामा पर्ने धापदह क्षेत्रमा निकुञ्ज सुरक्षा गस्तीले मिति २०७०।४।२१ गते विहान करिब ६:०० बजेको समयमा काठमाण्डौ सुन्दरीजल गा.वि.स. वडा नं. ६ बस्ने वर्ष ४९ को ज्ञानबहादुर तामाङ र ऐ. ऐ. बस्ने वर्ष ४१ को दलबहादुर तामाङको साथबाट भरुवा बन्दुकथान १, शिशाको घरेलु गोली थान २१, घरेलु बारुद अन्दाजी २ सय ग्राम, सलाई एक बट्टा, केप थान ६ तथा झोला थान २ वरामद गरेको भन्ने खानतलाशी वरामदी मुचुल्का भई सो को रोहवरमा यी प्रतिवादीहरुले सहीछाप गरेको देखियो ।

१५. अनुसन्धानको क्रममा प्रतिवादी रामबहादुर तामाङ भन्ने ज्ञानबहादुर तामाङले *म संगै पक्राउ परेका दलबहादुर तामाङ उक्त दिन वदेलको सिकार गर्न विहान ६.०० बज निस्केका हौं, निकुन्ज क्षेत्र भित्र प्रवेश गर्ने क्रममा निकुन्ज सुरक्षा गस्तीले चेकजाँच गर्दा मैले बोकेको भरुवा बन्दुकसमेतका चिजबस्तुहरु सहित पक्राउ गरेको हो । मेरो साथमा विष्फोटक पदार्थ ( बारुद), गोली-२१ थान,केप ६ थान र भरुवा बन्दुक१ थान हामीबाटै वरामद भएको हो* भनी वयान गरेका रहेछन् भने अर्का प्रतिवादी दलबहादुर तामाङले *म सँगै पक्राउ परेका ज्ञानबहादुर तामाङले बन्दुकबोकेर निकुन्जमा वदेल शिकार गर्न गएका हौ, हाम्रो साथमा भरुवा बन्दुक-१ र गोली २४/२५ थान (घरेलु सिसाको गोली ) थिए । यी चिजबस्तु हाम्रो साथबाट वरामद भएको हो* भनी मिल्दो जुलदो वयान गरेको देखियो ।

१६. यस कार्यालयमा वयान गर्दा प्रतिवादी ज्ञानबहादुर तामाङले *खानतलासी वरामदी मुचुल्का बमोजिमका हातहतियार खरखजाना सहित नागार्जुन धापदहबाट मलाई पक्राउ गरेको हो, भरुवा बन्दुक मेरो हो, उक्त बन्दुकको लाइसेन्स छैन* भनी आफ्नो साथबाट बन्दुक र खरखजाना वरामद भएको तथ्यमा सावित रही वयान गरेका र अर्का प्रतिवादी दलबहादुर तामाङले *ज्ञानबहादुर दाईले शिकार खेल्न जाँउ भनी निज सँगै गएको हो । बन्दुक, गोली, बारुद समेत सबै ज्ञानबहादुर दाइका हुन् र निज ज्ञानबहादुर तामाङबाटै वरामद भएको हो* भनी हातहतियार साथमा राख्ने बोक्ने कार्यमा आफ्नो संलग्नता भएको तथ्यलाई स्वीकार गरेको देखियो ।

१७. वरामद भएको चिज वस्तु A local made (Home Made ) muzzle-loading, action mechanism is in working order, barrel showed sign of discharge (Fire), the date and time of firing can not be ascertained with scientific accuracy

भन्ने समेत व्यहोराको के.प्र.वि.वि.को परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेबाट उक्त चिजवस्तु चालु हालतको हातहतियार भएको र प्रयोग गरिसकिएको भन्ने तथ्यमा कुनै विवाद रहेन ।

१८. तसर्थ प्रतिवादीहरुको वयान र खानतलाशी वरामदी मुचुल्काका आधारमा प्रतिवादी ज्ञानबहादुर तामाङको साथबाट हातहतियार वरामद भएको र सो राख्ने बोकने कार्यमा अर्का प्रतिवादी दलबहादुर तामाङको समेत संलग्नता रहेको तथ्य निर्विवाद स्थापित हुन आयो । **कानुनले प्रतिवन्धित चिज वा वस्तु कसैको साथबाट वा बासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासीव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन गरेको भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजीर समेत प्रतिपादन भएको पाईन्छ (निलम पौडेलसमेत वि. मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण, ने.का.प. २०६७, माघ, पृ.१६४१) । यस मुद्दामा प्रतिवादीहरुले आफ्नो साथबाट हातहतियार वरामद भएको तथ्यमा सावित रहेको र बन्दुक साथमा रहनुमा निजहरुले लिएको जिकिर विश्वसनीय नदेखिएकाले प्रतिवादीहरु रामबहादुर तामाङ भन्ने ज्ञानबहादुर तामाङ र दलबहादुर तामाङले हातहतियार खरखजना ऐन, २०१९को दफा ३(२) र ५(१) विपरित विना लाइसेन्स हातहतियार आफुसाथ राखी, बोकी हिडी अभियोग दावी बमोजिम कसूर गरेको ठहर्छ ।

१९. सो ठहर्नाले सजाय तर्फ विचार गर्दा प्रतिवादीहरु रामबहादुर तामाङ भन्ने ज्ञानबहादुर तामाङ र दलबहादुर तामाङको कसुरको प्रकृति, पृष्ठभूमी, प्राकृतिक बसोबासको अवस्था र संस्कृतीलाई समेतलाई ध्यानमा राख्दा कैदको सजाँय चर्को पर्न जाने भएकाले निजहरुलाई ऐ ऐनको दफा २०(२) बमोजिम जनही ६०,०००।- ( साठी हजार रुपैयाँ ) जरिवाना हुन्छ । ऐ ऐनको दफा २०(३) बमोजिम समेत सजाँय गरी पाँउ भनी अभियोग माग दावी लिइएता पनि प्रतिवादीहरुको साथबाट छुट्टै परिमाणमा खरखजाना वरामद भएको देखिंदैन । यस्तै प्रकृतिका र समान तथ्य भएका अन्य मुद्दाहरुमा दफा २०(२)बमोजिम मात्र सजाय गरी पाँउ भन्ने अभियोग माग दावी हुने गरेको अन्य मिसिलहरुबाट देखिन्छ । यदाकदा यस्तै प्रकृति र तथ्य भएका कुनै कुनै मुद्दाहरुमा ऐ. दफा २०(२) र २०(३) बमोजिमको दावी लिइएता पनि २०(३) बमोजिम दावी नपुग्ने ठहरी यसै इजलाशबाट धेरै मुद्दाहरुमा फैसला भई सकेकोले प्रतिवादीहरुलाई ऐ. २०(३) बमोजिम समेत सजाय गरी पाउँ भन्ने अभियोग दावी पुग्दैन । वरामद भई आएको हतियार तथा सिसाको गोली लगायतका चिजवस्तुहरु ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसील

- प्रतिवादी दलबहादुर तामाङ के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई रु. ६०,०००।- ( साठी हजार रुपैयाँ ) जरिवाना हुने ठहरेकोले प्रस्तुत मुद्दाको थुनछेकका क्रममा निजले मिति २०७०।६।८ मा राखेको धरौटी रकम रु ५०,०००।- बाट निजलाई भएको जरिवाना रकम राजश्वमा दाखिला गरी वाकी जरिवाना रकम रु १०,०००।- (दश हजार रुपैयाँ) बेरुजु देखिएकाले निजको नाममा लगत कसी असुल गर्नु...................१

- प्रतिवादी रामबहादुर तामाङ भन्ने ज्ञानबहादुर तामाङ के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई रु. ६०,०००।- (साठी हजार रुपैयाँ) जरिवाना हुने ठहरेको र प्रस्तुत मुद्दाको थुनछेकका क्रममा निजले मिति २०७०।६।८ मा रु. ८०,०००।- नगदै धरौटी राखी *तारेख गुजारेमा धरौटी जफत भए मञ्जुरी छ* भनी अ.बं. १२४ नं. बमोजिम कागज गरी तारीख गुजारी बसेको देखिंदा ठहरेको जरिवाना रकम रु ६०,०००।- र बाँकी रकम रु २०,०००।- समेत राजश्वमा दाखिला गर्न लेखा शाखामा लेखी पठाउनु.२
- वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयलाई जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनु..................३
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु रामबहादुर तामाङ भन्ने ज्ञानबहादुर तामाङ र दलबहादुर तामाङलाई पुनरावेदन म्याद दिनू......................................................४
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई पुनरावेदन म्याद सहित फैसलाको जानकारी दिनू ........................................................५
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू....................................................................................६
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू.....................७

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ ना.सु. भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

..................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल फाल्गुण २५ गते रोज २ शुभम् ......................